नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।

## कम्पनीहरुले डिजिटल हस्ताक्षर प्रयोग गर्ने सम्वन्धी सूचना

प्रस्तुत विषयमा यस कार्यालयवाट प्रवाह गरिने सेवालाई चरणवद्ध रुपमा पुर्ण अनलाईन प्रणालीमा आवद्ध गर्ने उद्देश्यले कार्यालयले नयाँ सफ्टवेयर (Company Administration Management System-CAMIS) निर्माण गरी हाल कार्यान्वयनमा रहेको अवस्था विद्यमान छ । उक्त सफ्टवेयर कार्यान्वयनमा आएपश्चात् नयाँ कम्पनी दर्ताको सेवा प्राप्त गर्न सेवाग्राहीहरु कार्यालयमा भौतिक रुपमा उपस्थित हुनु नपर्ने र कार्यालयवाट प्रमाणित गर्नुपर्ने कागजातहरु डिजिटल हस्ताक्षर मार्फत प्रमाणित गरी सिष्टम मार्फत नै सेवाग्राहीकोमा सम्प्रेषण हुने व्यवस्था मिलाई सेवा प्रवाह भइरहेको छ । कार्यालयवाट प्रवाह हुने सेवाको साथसाथै समग्र कम्पनी प्रशासनमा सुचना प्रविधि प्रयोगको दायरालाई विस्तार गरी सेवालाई सरल, सहज, मितव्ययी, पारदर्शी वनाई संस्थागत सुशासन अभिवृद्धि गर्ने उद्देश्यले कार्यालयले प्रत्येक कम्पनीहरुले कानून वमोजिमको विवरण पेश गर्दा डिजिटल हस्ताक्षरको प्रयोग गरी कागजातहरु प्रमाणित गर्नुपर्ने व्यवस्थालाई चरणवद्ध रुपमा देहाय वमोजिम लागु गर्ने तयारी गरिरहेको सो को लागि आवश्यक पुर्वतयारी गर्नुहुन सम्वन्धित सवैमा यो सुचना प्रकाशन गरिएको छ ।

१. प्रथम चरणमा पव्लिक कम्पनीवाट कार्यालयमा विवरण पेश गर्दा डिजिटल हस्ताक्षरलाई अनिवार्य गर्ने गरी तयारी भइरहेको छ । यो सुचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र प्रत्येक पब्लिक कम्पनीले कम्पनी ऐन, २०६३ तथा अन्य सम्वद्ध कानून वमोजिम कार्यालयमा पेश गर्नुपर्ने विवरणहरु जस्तै कम्पनीको साधारण सभा तथा संचालक समितिको निर्णय, दफा ५१, दफा ७८ तथा दफा ९२ को विवरण लगायत कम्पनीको तर्फवाट प्रमाणित गर्नुपर्ने अन्य कागजात तथा विवरणहरुमा डिजिटल हस्ताक्षर गरी कार्यालयमा पेश गर्नुपर्नेछ ।
२. कम्पनीवाट भएका निर्णय तथा अन्य विवरणहरुमा हस्ताक्षर गर्दा कम्पनीको तर्फवाट अधिकार प्राप्त अध्यक्ष वा कम्तीमा एक जना संचालक वा पदाधिकारीले डिजिटल हस्ताक्षर मार्फत उक्त निर्णय वा विवरणलाई प्रमाणित गर्ने र अन्य शेयरधनी वा संचालकहरुले हालकै प्रचलन वमोजिम नै म्यानुअल हस्ताक्षर गर्न सक्नेछन् । अर्थात निर्णय वा विवरणमा सम्पुर्ण शेयरधनीले म्यानुअल हस्ताक्षर गरिसके पश्चात् अधिकार प्राप्त अध्यक्ष वा संचालक वा पदाधिकारीले डिजिटल हस्ताक्षरवाट प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

३. डिजिटल हस्ताक्षर सम्वन्धी प्रावधान नयाँ सिस्टममा मात्र लागु भएको र कम्पनीहरुले दर्ता पश्चातका क्रियाकलाप (Post Registration Related Activities) को सेवा लिन कार्यालयको पुरानो सुचना प्रणालीमा भएका डाटाहरुलाई CAMIS मा स्थानान्तरण (Data Migration) गरिसक्नुपर्ने भएकोले **प्रथमत: प्रत्येक पब्लिक कम्पनीले यो सुचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र डाटा स्थानान्तरणको प्रकृया सम्पन्न गर्नुपर्नेछ ।**

४. अत: प्रत्येक पब्लिक कम्पनीले डिजिटल हस्ताक्षर गर्न कम्पनीको अध्यक्ष वा कुनै एक जना संचालक वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरी उक्त संचालक वा शेयरधनीको नाममा डिजिटल हस्ताक्षर खरीद गर्न नेपाल सरकारवाट इजाजत प्राप्त निकाय (Licensed Certifying Authority) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

५. दोश्रो चरणमा नयाँ कम्पनी दर्ता गर्दा, प्राइभेट कम्पनी तथा मुनाफा वितरण नगर्ने कम्पनीले विवरण पेश गर्दा समेत अनिवार्य रुपमा डिजिटल हस्ताक्षर गर्नुपर्ने व्यवस्थालाई चरणवद्ध रुपमा कार्यान्वयन गरिने हुँदा डिजिटल हस्ताक्षर खरीद, डाटा स्थानान्तरण लगायतको कामको लागि आवश्यक पुर्वतयारी गर्नुहुन समेत अनुरोध गरिन्छ । यस सम्वन्धी विस्तृत विवरण निश्चित समय पश्चात् अर्को सूचना मार्फत जानकारी गराइनेछ ।

६. यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालयमा उपस्थित भई वा कार्यालयको सुचना प्रविधि सहायता कक्षको सम्पर्क नं. ०१-५३६३०९०/ ५३५९९६१ मा सम्पर्क गरी वा support@ocr.gov.np मा इमेल मार्फत जिज्ञासा राखी जानकारी लिन सक्नुहुनेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

रजिष्ट्रार
कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।